एडीबी
समाचार
नेपालबाट

वेबसाइटः http://www.adb.org/NRM
इमेलः adbnrm@adb.org

एशियाली विकास बैंक -एडीबी) को नेपाल आवासीय
नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

कात्तिक, २०६०

# खानेपानी सेवाका लागि सरकार-निजी क्षेत्र साझेदारी

काठमाडौं उपत्यकाको खानेपानी तथा ढल निकास सेवाहरूको व्यवस्थापन र सञ्चालनका लागि श्री ५ को सरकारले कार्य-सम्पादनका आधारमा व्यवस्थापन ठेकेदार नियुक्त गर्ने कार्य सुरु गर्दैछ। यसको माध्यमबाट सरकारले खानेपानी आपूर्ति तथा प्रदूषित पानी निकासका सेवाहरू उपलब्ध गराउनुका साथै एसियाली विकास बैंक (एडीबी) को सहायतामा सञ्चालित मेलम्ची खानेपानी आयोजनाअन्तर्गत काठमाडौं उपत्यकावासीले लामो समयदेखि भोग्दै आएको खानेपानी समस्या समाधान गर्ने उद्देश्य लिएको छ।

कार्य-सम्पादनमा आधारित करारहरू खानेपानी सेवा प्रदायकहरूलाई उपभोक्तामुखी तुल्याउन र उनीहरूको उत्तरदायित्व र प्रभावकारिता सुदृढीकरणका लागि शक्तिशाली औजार हुन्। कार्य-सम्पादनमा आधारित व्यवस्थापन करारअन्तर्गत श्री ५ को सरकारले

*बाँकी पेज २ मा*



**खानेपानी पहुँच** घरमा धारा जडान गर्न नसक्ने गरिब उपभोक्ताले खानेपानीका लागि पोखरीजस्ता सार्वजनिक स्रोतहरूमा भर पर्नुपर्छ ।

# शान्ति वार्ता भङ्ग नेपालको विकासमा बाधक

शान्ति वार्ता भङ्ग हुनाले नेपालको आर्थिक विकास पनि अवरुद्ध हुन पुगेको छ। सन् २००३ को प्रारम्भमा युद्धविराम भएपछि मुलुकको अर्थतन्त्रले गति लिने अपेक्षा गरिएको थियो।

पछिल्ला वर्षहरूमा आन्तरिक सुरक्षा स्थिति र विश्वव्यापी आर्थिक शिथिलताका कारण मुलुकको अर्थतन्त्र प्रभावित भएको छ। तर, गत पुस महिनामा भएको सरकार-माओवादी युद्धविराम घोषणापछि भने सुरक्षा स्थिति सुदृढ भएकाले अर्थतन्त्रमा सुधारको संकेत देखिन थालेको थियो र आर्थिक वर्ष २०६०/६१ मा कुल गार्हस्थ्य उत्पादन (जीडीपी) पनि ३ दशमलव ५ प्रतिशत वृद्धि हुने प्रक्षेपण गरिएको थियो। तर, युद्धविराम भङ्ग भएको बिग्रँदो सुरक्षा स्थितिले सुधन लागेको अर्थतन्त्रलाई असर गर्नेछ। पर्यटन, औद्योगिक क्षेत्र, निर्यातजस्ता प्रमुख क्षेत्रहरू नराम्ररी प्रभावित हुनसक्ने देखिएको छ। पुस महिनापछि यी सबै क्षेत्रहरूमा सुधार देखिन थालेको थियो।

वर्तमान आन्तरिक द्वन्द्व समाधानका लागि समझदारीपूर्ण निकासा खोज्ने अपेक्षा गरिएको श्री ५ को सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीचको तेस्रो चरणको शान्ति वार्ता वि.सं. २००६ साल भदौ १० गते बिनाउपलब्धि भङ्ग भयो। वार्ता भङ्ग भएलगत्तै आठ महिनाअघि तत्कालीन सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामको समझदारी पनि तोडियो। यसले देशका विभिन्न भागहरूमा हत्या र हिंसाका गतिविधि पुनः तीव्र भएका छन्। माओवादी कार्यकर्ता तथा सुरक्षाकर्मीहरू ठूलो संख्यामा मारिनुका साथै निर्दोष जनता तथा बालबालिकासमेत यो द्वन्द्वको चपेटामा परेका छन्। देशभर हत्या-हिंसाका घटना बढेकाले समग्र आन्तरिक सुरक्षा स्थिति खस्किएको छ।

*बाँकी पेज ४ मा*

## यस अंकमा...


- रहमान नेपाल आवासीय नियोगका नयाँ राष्ट्रिय निर्देशक ३
- राष्ट्रिय निर्देशकद्वारा वरिष्ठ सरकारी अधिकारीहरूसँग भेट ३
- पदावधि पूरा गरी भोक्स नेपालबाट फिर्ता ४
- नियोगका कर्मचारीहरूको समाचार ४
- नेपालको काठमाडौं उपत्यकामा लक्षित खानेपानी सुधार ५
- नेपाल आवासीय नियोगद्वारा त्रैमासिक गैसस परामर्शको सुरुवात ५
- नेपाल आवासीय नियोगमा नयाँ भवन ६
- कार्यशाला तथा कार्यक्रमहरूको झलक ६

पेज १ को बाँकी

खानेपानी व्यवस्थापन गर्ने संस्थाको व्यवस्थापनको जिम्मा निजी कम्पनीलाई ठेक्कामा दिन्छ, जसलाई व्यवस्थापन ठेकेदार भनिन्छ। यो प्रक्रियाअन्तर्गत खानेपानी प्रणालीलाई निजीकरण गर्नुको सट्टा सम्पत्तिमाथिको स्वामित्व पूर्णरुपमा सरकारकै रहन्छ। यसमा सरकारले सम्पत्तिहरू भाडामा सञ्चालन गर्न दिने, तर कुनै पनि सम्पत्ति हस्तान्तरण भने नगर्ने व्यवस्था गरेको छ। व्यवस्थापन ठेकेदारलाई सहुलियत तथा जरिवाना प्रणालीका माध्यमबाट कार्य-सम्पादनप्रति उत्तरदायी तुल्याइनेछ।

शहरी क्षेत्रको खानेपानी आपूर्तिमा सरकार-निजी क्षेत्र साझेदारीको भूमिकाबारे नागरिक संस्थाहरू तथा नेपाल खानेपानी संस्थानका कर्मचारीहरूको चेतना वृद्धि गर्न वासिङ्टन डीसीस्थित *'इन्स्टिच्युट फर पब्लिक-प्राइभेट पार्टनरसिप (आईपी- ३) इंक.'*ले वि.सं. २०६० साल असार ११ र १२ गते दुई अर्ध-दिवसीय कार्यशालाहरू सञ्चालन गरेको थियो। काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन सहायता आयोजनाका लागि प्राविधिक सहायताअन्तर्गत ती कार्यशालाहरू सञ्चालन गरिएका थिए।

कार्यक्रममा गैरसरकारी संस्थालगायतका नागरिक समाजका अगाडि गरिएको प्रस्तुतीकरणमा आईपी ३ इंक. को खानेपानी, सरसफाइ तथा शहरी सेवा महाशाखाका निर्देशक क्याथलिन स्ल्याट्रीले कार्य-सम्पादनमा आधारित व्यवस्थापन करारमाथि प्रकाश पार्नुभएको थियो। उहाँले यो मोडलसँग सम्बन्धित उदाहरणहरूका साथै काठमाडौं उपत्यकाको खानेपानी तथा फोहोर पानी निकास सेवालाई सुधार गर्ने उपायहरूबारे जानकारी पनि दिनुभयो। 'यसको सफल कार्यान्वयनका लागि व्यवस्थापन ठेकेदारलाई उपभोक्ताले तिर्नसक्ने महसुल निर्धारण गरेर खानेपानी सेवाको गुणस्तर र उपलब्धतामा सुधार ल्याउन प्रेरित गर्ने किसिमको करार तयार पार्नुपर्छ', उहाँले भन्नुभयो।

नेपाल खानेपानी संस्थानका कर्मचारीहरूसँगको छुट्टै परामर्शका क्रममा स्ल्याट्रीले व्यवस्थापन करार अन्तर्गत खानेपानी संस्थाका कर्मचारीहरूलाई व्यावसायिक दक्षता विकास गर्ने अवसर मिल्नुका साथै संस्थाको समग्र सुधारका लागि राम्रो काम गर्नेले पुरस्कृत हुने अवसर पनि पाउने कुरा उल्लेख गर्नुभयो। संस्थागत संरचनाको एकरुपता, कार्य-सम्पादनमा आधारित मानवीय संशाधन नीतिको प्रयोग तथा तालिम कार्यक्रमहरूको कार्यान्वयनले उपलब्धि हासिल हुने उहाँले अवगत गराउनुभयो। 'खानेपानी तथा ढल निकास क्षेत्रमा सुदृढ तथा दिगो काम गर्नका लागि स्थानीय कर्मचारीलाई सक्षम तुल्याउन चाहिने सीप हस्तान्तरण गर्न प्रेरित गर्ने खालको कार्य-सम्पादन मापनका विशेष परिसूचकहरू उल्लेख गरेर काठमाडौं उपत्यकाका लागि उपयुक्त हुने करार बनाउनु जरुरी छ', स्ल्याट्रीले भन्नुभयो।



**क्षमता अभिबृद्धि** शहरी क्षेत्रको खानेपानी आपुर्तिमा सरकार-निजी क्षेत्र साझेदारी र त्यसमा उनीहरुको भुमिका बारे सरकारी कर्मचारीहरुलाई प्रशिक्षण कार्यक्रम आयोजना गरीयो ।

> "व्यवस्थापन करारको सफल कार्यान्वयनका लागि व्यवस्थापन ठेकेदारलाई उपभोक्ताले तिर्नसक्ने महसुल निर्धारण गरेर खानेपानी सेवाको गुणस्तर र उपलब्धतामा सुधार ल्याउन प्रेरित गर्ने किसिमको करार तयार पार्नुपर्छ।"

काठमाडौं उपत्यकाको खानेपानी तथा ढल निकास सेवाहरूमा निजी क्षेत्रको सहभागिताबारे काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन सहायता आयोजनाअन्तर्गत सरकारी कर्मचारीहरूका लागि एक प्रशिक्षण कार्यक्रमसमेत आयोजना गरिएको थियो। सरकारी कर्मचारीहरूलाई शहरी क्षेत्रको खानेपानी आपूर्तिमा सरकार-निजी क्षेत्र साझेदारी र त्यसमा उनीहरूको भूमिका अवगत गराउनु प्रशिक्षणको उद्देश्य थियो। आईपी ३ इंक. ले वि.सं. २०६० साल असार ३ देखि ६ गतेसम्म सञ्चालन गरेको उक्त प्रशिक्षणमा विभिन्न सरकारी निकाय तथा मेलम्ची खानेपानी विकास समितिका कर्मचारीसमेत गरी ३१ जना प्रतिनिधिहरूले भाग लिएका थिए।

राम्रोसँग तयार पारिएको व्यवस्थापन करारले खानेपानी सेवाको स्तर सुधार गर्न, सेवाको लागत कम गर्न, उपभोक्ताहरूप्रतिको जवाफदेहिता वृद्धि गर्न, सेवामा संलग्न कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न, राम्रो कार्य-सम्पादन र प्रभावकारिताका लागि पुरस्कृत गर्न तथा व्यवस्थापनको उत्तरदायित्व वृद्धि गर्न मद्दत गर्छ।

व्यवस्थापन करारअन्तर्गत नेपालका निजी कम्पनीहरूले अन्तर्राष्ट्रिय व्यवस्थापन करार समूहको स्थानीय साझेदारका रुपमा सहभागी हुने अवसर प्राप्त गर्नेछन्। स्थानीय कम्पनी खडा गरेर, उपभोक्ता समूहहरूमा थोक पानीको बिक्री प्रबर्द्धन गरेर, स्वतन्त्र खानेपानी वितरण सेवा प्रदायकहरूलाई इजाजत वा विशेषाधिकार दिएर तथा कम लागतको प्रणाली निर्माणका लागि सामुदायिक श्रम कोष खडा गरेर पनि नेपालमा निजी कम्पनीहरू यसमा सहभागी हुन सक्छन्। ■

## व्यवस्थापन करार र निजीकरण

मेलम्ची खानेपानी आयोजनाका लागि प्रस्तावित सरकार-निजी क्षेत्र साझेदारी योजना भनेको निजीकरण होइन। यस प्रावधानअन्तर्गत खानेपानी संस्थाको सम्पत्तिमाथिको स्वामित्व सरकारमै निहित हुनेछ। खानेपानी उपलब्ध गराउने अन्तिम दायित्व तथा नीति, निर्माण र महसुल निर्धारण गर्ने जिम्मेवारी पनि सरकारअन्तर्गत नै रहनेछ। संक्षेपमा भन्दा खानेपानी आपूर्ति सार्वजनिक सेवाको रुपमा रहन्छ। तर, यसको व्यवस्थापन कुनै त्यस्तो व्यावसायिक संस्थालाई करारमा दिइन्छ, जो उत्तरदायी र साथै खानेपानीलाई प्रभावकारीरुपमा आपूर्ति गराउने र फोहोर पानी हटाउने पर्याप्त उपायहरू हुन्छ। यो खानेपानी आपूर्ति क्षेत्रको प्रभावकारिता सुधार गर्ने र सेवाको गुणस्तर वृद्धि गर्ने संक्रमणकालीन उपाय हो। ■

# रहमान नेपाल आवासीय नियोगका नयाँ राष्ट्रिय निर्देशक

सुल्तान हफिज रहमानले वि.सं. २०६० साल साउन १९ गतेदेखि एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशकको पद सम्हाल्नुभएको छ ।

राष्ट्रिय निर्देशकका रुपमा श्री रहमानले नेपालमा एडीबीका काम-कारबाही निगरानी गर्नुका साथै नेपाल आवासीय नियोगका कर्मचारीहरूसँग मिलेर राष्ट्रिय रणनीति, राष्ट्रिय कार्यक्रम, ऋण प्रशोधन तथा प्रशासन, सह-लगानी तथा क्षेत्रीय समन्वय गतिविधिहरूसँग सम्बन्धित काम गर्न प्रधान कार्यालयलाई सहयोग गर्नुहुनेछ । श्री ५ को सरकारका अधिकारीहरूसँग सम्पर्क गर्नुका साथै नीतिगत छलफल गर्ने कार्य पनि उहाँको जिम्मेवारीभित्र पर्छ । यसैगरी, नागरिक समाज तथा निजी क्षेत्रसँग नियमित सम्पर्क कायम राख्नु तथा अन्य विकास साझेदारहरूसँग समन्वय गर्नु पनि उहाँका प्रमुख जिम्मेवारी हुन् ।

अर्थविद् श्री रहमानले एसियामा अनुसन्धान, सरकारी नीति तथा कार्य-सञ्चालनसम्बन्धी २५ वर्ष लामो अनुभव हासिल गर्नुभएको छ । उहाँले सन् १९९२ मा आयोजना अर्थशास्त्रीका रुपमा एडीबीमा प्रवेश गरी बंगलादेश, कम्बोडिया, थाइल्यान्ड र भियतनाममा काम गर्नुभएको थियो । सन् १९९५ मा उहाँ कृषि तथा ग्रामीण विकास (पूर्व), निर्देशकको कार्यालयमा जानुभयो । त्यसपछि सन् १९९६ मा कार्यक्रम विभाग (पूर्व) मा इन्डोनेसियाका लागि वरिष्ठ कार्यक्रम अधिकृत हुनुभयो । सन् १९९७ देखि १९९८ सम्म उहाँ उपाध्यक्ष (पूर्व) का सल्लाहकार रहनुभयो । त्यसपछि पुनः इन्डोनेसिया डेस्कमा सरुवा भई उहाँले सन् १९९९ देखि २००० सम्म वरिष्ठ अर्थशास्त्रीका रुपमा सेवा पुऱ्याउनुभयो ।

## नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशकको सन्देश



नेपालसँग प्रशस्त धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा छ । दुर्भाग्यवश, अहिले यो मुलुक समयको कठिन मोडमा गुज्रिरहेको छ र जटिल चुनौतीहरू सामना गर्नुपरेको छ । आफ्नो पदावधिको अन्तसम्म यदि मैले नेपालको गरिबी निवारणमा केही योगदान पुऱ्याउनसके अत्यन्त प्रसन्न हुनेछु । विकास र शान्ति एकअर्काका परिपूरक हुन्, त्यसैले म नेपालमा शान्ति बहाल होस् भन्ने कामना गर्दछु । यसका लागि म सरकार, दातृ निकाय, नागरिक समाज तथा अन्य साझेदारहरूसँग मिलेर काम गर्न इच्छुक छु ।

**सुल्तान हफिज रहमान**

सन् २००० अगष्टमा श्री रहमान कार्यक्रम विभाग (पश्चिम) को निर्देशक कार्यालयमा कार्य-सञ्चालन तथा नीति समन्वय इकाइका प्रमुख हुनुभयो । सन् २००१ मार्चमा उहाँ अफगानिस्तान, मालदिभ्स, नेपाल, पाकिस्तान र श्रीलंका हेर्ने कार्यक्रम प्रबन्धक (महाशाखा १) का रुपमा नियुक्त हुनुभयो । एडीबीको पुनर्गठनसँगै सन् २००२ जनवरीमा उहाँ दक्षिण एसिया विभाग, कार्य-सञ्चालन समन्वय महाशाखाको निर्देशक पदमा नियुक्त हुनुभयो । उहाँले उक्त पदमा रहेर राष्ट्रिय रणनीति, कार्यक्रम तर्जुमा, क्षेत्रीय समन्वय तथा विभागका अन्य महाशाखा र आवासीय नियोगअन्तर्गतको कार्य-सञ्चालनलाई समन्वय गर्नुका साथै अन्य विभागहरूसँग समन्वय गर्ने जिम्मेवारी सम्हाल्नुभएको थियो । उहाँले दक्षिण एसिया विभागका आठवटा विकासोन्मुख सदस्य राष्ट्रसँग आबद्ध दातृ निकायहरूसँगको कार्य-सञ्चालनमा समेत समन्वय गर्नुभएको थियो । उहाँले सन् २००१-२००२ मा अफगानिस्तानमा एडीबीका काम-कारबाही सुरु गर्ने टोलीको नेतृत्व पनि गर्नुभयो ।

श्री रहमानले अमेरिकास्थित भ्यान्डरबिल्ट विश्वविद्यालय र स्ट्यानफोर्ड विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ । स्ट्यानफोर्ड विश्वविद्यालयबाटै उहाँले विकास अर्थशास्त्रमा विद्यावारिधि उपाधि प्राप्त गर्नुभएको छ ।

उहाँको व्यावसायिक यात्रा सन् १९७५ मा बंगलादेश विकास अध्ययन संस्था (बीआईडीएस) को अर्थशास्त्रीका रुपमा सुरु भएको थियो । सन् १९७९ देखि १९८१ सम्म उहाँ अमेरिकास्थित सान फ्रान्सिस्को विश्वविद्यालयमा सहायक प्राध्यापक रहनुभयो । बंगालदेशका नागरिक श्री रहमान सन् १९८२ मा पुनः बीआईडीएसमा फर्कनुभयो । त्यसपछि उहाँले विभिन्न किसिमका आर्थिक मुद्दाहरूमा अनुसन्धान तथा नीतिगत विश्लेषण गर्नुभयो । अर्थ, योजना, वाणिज्य तथा उद्योग मन्त्रालयहरूमा रहेर उहाँले लामो समय सरकारको सल्लाहकारका रुपमा काम गर्नुभयो । श्री रहमानका ५० भन्दा बढी प्रकाशनहरू छन् । ■

# राष्ट्रिय निर्देशकद्वारा वरिष्ठ सरकारी अधिकारीहरूसँग भेट

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमानले कार्यालयको जिम्मेवारी सम्हालेपछि मन्त्रीहरू, उच्च सरकारी अधिकारीहरू, विकास नियोग तथा निजी क्षेत्रका प्रतिनिधिहरू र पत्रकारहरूसँग भेट गर्नुभयो ।

श्री रहमानले अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनी, भौतिक योजना तथा निर्माण र सामान्य प्रशासन मन्त्री बुद्धिमान तामाङ र नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालसँग भेट गर्नुभयो । उहाँले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्मा, आयोगका सदस्य डा. युवराज खतिवडा, मुख्य सचिव डा. विमलप्रसाद कोइराला, नेपाल राष्ट्र बैंकका गभर्नर डा. तिलक रावल, अर्थ सचिव भानुप्रसाद आचार्य र भौतिक, योजना तथा निर्माण सचिव महेन्द्र अर्यालसँग पनि भेट गर्नुभयो ।

कूटनीतिक नियोगका सदस्य तथा विकास साझेदारहरूतर्फ श्री रहमानले जापानी राजदूत जेन्जी कामिनागा, भारतीय राजदूत श्याम शरण, दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का महासचिव क्यू.ए.एम.ए. रहिम, क्यानाडाका प्रथम सचिव जीनमार्क म्यान्गिन, विश्व बैंकका राष्ट्रिय निर्देशक केनीची ओहासी, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) का तत्कालीन आवासीय प्रतिनिधि हेनिङ कार्चर, अन्तर्राष्ट्रिय मुद्रा कोषका आवासीय प्रतिनिधि सुखविन्दर सिंह, जापान अन्तर्राष्ट्रिय सहयोग नियोगका आवासीय प्रतिनिधि ई. मितोमा तथा अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोगका निर्देशक डोनाल्ड क्लार्कसँग भेट गर्नुभयो ।

श्री रहमानले *गोरखापत्र, कान्तिपुर, नेपाली टाइम्स, स्पेसटाइम दैनिक, दि हिमालयन टाइम्स, दि काठमाडौं पोस्ट* र *दि राइजिङ नेपाल*का पत्रकारहरूसँग पनि कुराकानी गर्नुभयो । उहाँले नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष विनोदबहादुर श्रेष्ठ, खेतान ग्रुप अफ इन्डस्ट्रिजका अध्यक्ष मोहनगोपाल खेतान, नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत सुरज मेहता तथा स्त्री शक्तिका प्रमुख कार्यकारी इन्दिरा श्रेष्ठसँग पनि भेट गर्नुभयो ।

यी छलफलहरू मुलुकको सुरक्षा स्थिति, समग्र आर्थिक परिदृश्य, प्रमुख विकास चुनौती, नेपालमा एडीबीका कार्यक्रम तथा सुशासन र विकास सहायताको प्रभावकारिता सुधार गर्नुपर्ने आवश्यकतामाथि केन्द्रित थिए । छलफलका क्रममा श्री रहमानले एडीबीको नयाँ राष्ट्रिय रणनीति तथा कार्यक्रम विकास गर्ने प्रयासमाथि प्रकाश पार्नुका साथै यसमा सबैको सक्रिय सहभागिताका लागि आग्रह गर्नुभयो । राष्ट्रिय रणनीति तथा कार्यक्रम तयार पार्न करिब एक वर्षको समय लाग्नेछ । ■

# पदावधि पूरा गरी भोक्स नेपालबाट फिर्ता

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगमा चार वर्षदेखि राष्ट्रिय निर्देशक रहनुभएका रिचर्ड भोक्स फिलिपिन्सको मनिलास्थित एडीबी प्रधान कार्यालयमा सरुवा हुनुभएको छ । उहाँले वि.सं. २०५६ साल वैशाख ६ देखि २०६० साउन ५ गतेसम्म नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशकका रुपमा सेवा पुऱ्याउनुभएको थियो । श्री भोक्स अहिले दक्षिण एसिया विभागको कार्य-सञ्चालन समन्वय महाशाखाका निर्देशक हुनुहुन्छ । उहाँले राष्ट्रिय रणनीति, कार्यक्रम तर्जुमा र क्षेत्रीय समन्वयको जिम्मेवारी सम्हाल्नुका साथै दक्षिण एसिया विभागअन्तर्गत पर्ने मुलुक र क्षेत्रीय निर्देशकहरूसँगको निकटतम समन्वयमा काम गर्नुहुनेछ । यसबाहेक विकासोन्मुख सदस्य राष्ट्रका सरकारहरूसँग समष्टिगत अर्थतन्त्र, क्षेत्रगत नीति तथा संस्थागत सुधारसम्बन्धी छलफल गर्नमा पनि उहाँ संलग्न हुनुहुनेछ ।

नेपालमा आफ्नो चार वर्षे कार्यकालका अविस्मरणीय क्षणहरू सम्झँदै श्री भोक्सले भन्नुभयो, 'विगतका चार वर्षहरू नेपालका लागि कष्टपूर्ण रहे । यो अवधिमा मुलुकले राजदरबार हत्याकाण्डको पीडा सहनुका साथै माओवादी समस्या चर्केर यहाँका जनता



र अर्थतन्त्रले ठूलो मार सहनुपऱ्यो । यसले नेपालमा एडीबीका कार्यक्रमहरू तथा हाम्रो आफ्नै व्यक्तिगत जीवनमा पनि ठूलो प्रभाव पाऱ्यो । तैपनि, नेपालको एक प्रमुख विकास साझेदारको राष्ट्रिय निर्देशकका रुपमा रहेर यहाँका ज्वलन्त विकास समस्याहरू समाधानका लागि सहयोग गर्न पाएकोमा मलाई एकदमै खुसी लागेको छ । मलगायत मेरो परिवारलाई जीवनभर नेपाल र यहाँका सम्पूर्ण मित्रहरूको हृदयदेखि अभाव महसुस हुनेछ । आउँदा दिनमा हामी नेपालमा के भइरहेको छ भन्ने सम्बन्धमा रुचिका साथ अध्ययन गरिरहने छौं । साथै, जतिसक्दो छिटो वर्तमान द्वन्द्वको शान्तिपूर्ण निकासा निस्केला भन्ने आशा गरेका छौं ।'

नेपाल बसाईका क्रममा भोक्स परिवारले धेरै असल मित्रहरू बनाउनुका साथै एकदमै नजिकबाट नेपाली संस्कृतिसम्बन्धी जानकारी लिने र त्यसको सराहना गर्ने कार्य गरेको थियो । यसबाहेक छुट्टीको समयमा नेपालका विभिन्न मनोरम स्थलहरूमा पदयात्रा गरेर यहाँको प्राकृतिक सुन्दरताको भरपूर आनन्दसमेत उठाएको थियो । ■

## शान्ति वार्ता

पेज १ को बाँकी

अर्कोतिर, नेपालमा गंभीर प्रजातन्त्र राजनीतिक संकट विद्यमान छ । पाँचवटा प्रमुख राजनीतिक दलहरू संसद् पुनर्स्थापना तथा सर्वदलीय सरकारको स्थापनाका लागि संघर्षरत् छन् । बढ्दो राजनीतिक अस्थिरताले मुलुकले भोगिरहेको अनिश्चितता अरू बढाएको छ ।

शान्ति सुरक्षा स्थिति र राजनीतिक स्थिरताको पुनर्स्थापना नेपालको लागी चुनौतीपूर्ण छ । द्वन्द्व प्रभावित क्षेत्रहरूमा विकास गतिविधि विस्तार गर्न अनिवार्य छ । क्षेत्रीय सामाजिक-आर्थिक असमानता, आयमा असमानता, अवसरको अभाव तथा अल्पसंख्यक जनजाति, तल्लो जातका भनिने समुदाय र महिलाहरूमाथि भएको उपेक्षा द्वन्द्वका प्रमुख कारण हुन्, जसको समाधान आर्थिक पुनर्स्थापना र विकासबिना सम्भव छैन । यसका लागि द्वन्द्वको शान्तिपूर्ण समाधान जरुरी छ । ■

# नियोगका कर्मचारीहरूको समाचार

### नयाँ अनुहारहरू

बिपुल सिंह नेपाल आवासीय नियोगमा अर्थशास्त्र अधिकृतका रुपमा नियुक्त हुनुभएको छ । उहाँले आर्थिक, क्षेत्रगत तथा अवधारणागत कार्य र आयोजनाको प्रशासन तथा अनुगमनमा सघाउ पुऱ्याउनुहुनेछ । एडीबीमा प्रवेश गर्नुअघि श्री सिंह संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) को काठमाडौंस्थित दक्षिण तथा पश्चिम एसिया उपक्षेत्रीय स्रोत संकाय (सर्फ) मा युवा व्यवसायीका रुपमा कार्यरत हुनुहुन्थ्यो । यूएनडीपी-सर्फमा उहाँ व्यापार तथा गरिबीसँग सम्बन्धित मामिलाहरू हेर्नुहुन्थ्यो । वासिङ्टन डीसीस्थित पिङ्करटन ग्लोबल इन्टिलिजेन्स एजेन्सीका लागि दक्षिण एसिया विश्लेषकका रुपमा समेत उहाँले काम गर्नुभएको थियो । उहाँले संयुक्त राज्य अमेरिकास्थित भर्जिनिया विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ ।



ममता भट्टले आयोजना विश्लेषकका रुपमा नेपाल आवासीय नियोगमा प्रवेश गर्नुभएको छ । उहाँले एडीबीको आयोजना विभाग (पोर्टफोलियो) का लागि समीक्षात्मक तथा तथ्यांकगत सहायता उपलब्ध गराउनुका साथै कार्य-सञ्चालन तथा प्रशासकीय गतिविधिहरूमा सघाउ पुऱ्याउनुहुनेछ । एडीबीसँग आबद्ध हुनुअघि उहाँ चौधरी ग्रुपको व्यापार विकास कार्यकारीका रुपमा कार्यरत हुनुहुन्थ्यो । सुश्री भट्टले फ्रान्सको ग्रेनोबलस्थित इकोले सुपेरियर डे कमर्स (ईएससी समूह) बाट अन्तर्राष्ट्रिय व्यापारमा स्नातकोत्तर गर्नुभएको छ ।



### पदोन्नति



एडीबीले वरिष्ठ अर्थशास्त्र अधिकृत राजु तुलाधरलाई पदोन्नति गरेको छ । सन् १९९१ देखि एडीबीको नेपाल आवासीय नियोगमा कार्यरत श्री तुलाधर नियोगका वरिष्ठ राष्ट्रिय अधिकृत हुनुहुन्छ । उहाँ आर्थिक तथा क्षेत्रगत कार्य, नीतिगत समीक्षा, राष्ट्रिय कार्यक्रम तर्जुमा, आयोजना/कार्यक्रमको प्रशासन तथा राजनीतिक विकासक्रमको समीक्षामा संलग्न हुनुहुन्छ । उहाँले कार्यक्रम अधिकृतका रुपमा एडीबीमा प्रवेश गर्नुभएको थियो । एडीबीमा आउनुअघि उहाँ यूएनडीपीको सहायताप्राप्त शहरी विकास आयोजनाका लागि व्यवस्थापन सहायताको वित्तीय समीक्षकमा कार्यरत हुनुहुन्थ्यो । श्री तुलाधरले अमेरिकाको सान्ता बार्बरास्थित क्यालिफोर्निया विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ ।

सन् १९९४ देखि नेपाल आवासीय नियोगमा काम गर्दै आउनुभएका कृष्णराम पाण्डेलाई वरिष्ठ आयोजना कार्यान्वयन अधिकृतका रुपमा पदोन्नति गरिएको छ । उहाँ एडीबीका लागि शिक्षा, साना शहरहरूको खानेपानी आपूर्ति, शहरी विकास, यातायात, ग्रामीण पूर्वाधार तथा ऊर्जा क्षेत्रप्रति जिम्मेवार हुनुहुन्छ । उहाँले आयोजना कार्यान्वयन अधिकृतका रुपमा नियोगमा प्रवेश गर्नुभएको थियो । एडीबीमा आउनुअघि उहाँ एडीबीकै सहायताप्राप्त 'आयोजना कार्यान्वयन प्रभावकारिता सुदृढीकरण आयोजना' मा संलग्न हुनुहुन्थ्यो । त्यसमा उहाँले आयोजना कार्यान्वयन विशेषज्ञका रुपमा काम गर्नुभएको थियो । उहाँले अर्थ मन्त्रालयमा पनि करिब १८ वर्ष काम गर्नुभएको थियो । श्री पाण्डेले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ ।



नेपाल आवासीय नियोगमा स्थापनाकालदेखि कार्यकारी सहायकका रुपमा काम गर्दै आउनुभएका ग्रेस खालिङलाई पनि पदोन्नति गरिएको छ । उहाँ नियोगका राष्ट्रिय निर्देशकलाई सहयोग गर्नुहुन्छ । खालिङले सन् १९९९ मा नियोगको १० वर्ष सेवा पदक प्राप्त गर्नुभएको थियो । एडीबीमा आउनुअघि उहाँ यूएनडीपी आवासीय प्रतिनिधिका वरिष्ठ सचिव हुनुहुन्थ्यो । ■



# नेपालको काठमाडौं उपत्यकामा लक्षित खानेपानी सुधार



**खानेपनी अभाव** काठमाडौंका धाराहरू ज्यादातर सुख्खा रहने हुँदा खानेपानीका वैकल्पिक स्रोतहरूको खोजी गर्नु आवश्यक पर्छ ।

एसियाली विकास बैंक (एडीबी) ले निजी क्षेत्र सहभागिता योजनाअन्तर्गत काठमाडौं उपत्यकाको खानेपानी तथा सरसफाइ क्षेत्र सुधारका लागि आयोजना तयार गर्न वि.सं. २०५९ साल चैत २८ गते १४ लाख अमेरिकी डलर (तत्कालीन विनिमय दरअनुसार १० करोड ९२ लाख रुपैयाँ) को प्राविधिक सहायता स्वीकृत गऱ्यो । काठमाडौं उपत्यकाका लागि गरिबमुखी र लैङ्गिकरुपमा संवेदनशील खानेपानी आपूर्तिको रणनीति तयार पार्न थुप्रै साझेदार तथा लाभान्वित समूहहरूसँग परामर्श लिइने छ ।

प्राविधिक सहायताले खानेपानी क्षेत्रको समग्र सुधारलाई प्रबर्द्धन गर्न, कानुनको मस्यौदा तयार पार्न तथा खानेपानी आपूर्ति र सरसफाइ सेवाहरूको स्तरोन्नतिका लागि संस्थागत सुधार गर्न सरकारलाई सघाउ पुऱ्याउनेछ । यस्ता गतिविधिहरूले मेलम्ची खानेपानी आयोजनाको उद्देश्यमा समेत पूरकको भूमिका निर्वाह गर्नेछन् । काठमाडौं उपत्यकावासीले लामो समयदेखि भोग्दै आएको खानेपानी समस्या दीर्घकालीन रुपमा समाधान गर्ने हेतुले एडीबी तथा अन्य विभिन्न विकास साझेदारहरूको सहायतामा मेलम्ची खानेपानी आयोजना सञ्चालन गरिएको हो ।

'प्राविधिक सहायताले सुशासन, जवाफदेहिता, नियमन निकायको स्थापना, लागत असुली र सेवा खरिद गर्ने क्षमताका माध्यमबाट काठमाडौं उपत्यकाको खानेपानी आपूर्ति प्रणालीमा सुधार ल्याउनेछ', एडीबी, दक्षिण एसिया विभागको सामाजिक क्षेत्र महाशाखाका वरिष्ठ शहरी विकास विशेषज्ञ केइची तामाकीले भन्नुभयो ।

नेपालमा शहरी खानेपानी तथा सरसफाइ सेवामा स्पष्ट नीतिको अभाव रहेकाले यस क्षेत्रको सुधार अवरुद्ध हुन पुगेको छ । खानेपानी सेवाहरू प्रभावकारी छैनन् तथा काठमाडौं उपत्यकावासीहरूका लागि सेवाको दायरा पनि उल्लेख्नीयरुपमा विस्तार गर्नुपर्ने आवश्यकता छ । सन् २००० को उपभोक्ता सर्वेक्षणअनुसार ८५ प्रतिशत खानेपानी उपभोक्ताहरू आफूले पाएको सेवाबाट असन्तुष्ट छन् । प्राविधिक सहायताले नेपाल खानेपानी संस्थानका समस्याहरू सुल्झाउन वैकल्पिक उपाय प्रदान गर्नेछ ।

काठमाडौं उपत्यकाको खानेपानी तथा सरसफाइ प्रणालीको व्यवस्थापनका लागि व्यवस्थापन ठेकेदार नियुक्त गर्नमा पनि प्राविधिक सहायता लक्षित रहनेछ ।

# नेपाल आवासीय नियोगद्वारा त्रैमासिक गैसस परामर्शको सुरुवात

विकास प्रक्रियामा गैर-सरकारी संस्थाहरू (गैसस) को महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसैलाई स्वीकार गर्दै एसियाली विकास बैंक (एडीबी) ले एडीबी-सरकार-गैसस साझेदारीलाई सुदृढ गर्न विभिन्न कार्यहरूको सुरुवात गरेको छ ।

एडीबी, नेपाल आवासीय नियोगले आफ्ना कार्यक्रमहरूको सञ्चालनमा गैससहरूसँगको परामर्शलाई उच्च प्राथमिकता दिएको छ । नियोगले राष्ट्रिय रणनीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा तथा ऋण प्रशोधन र तयारीका क्रममा नागरिक समाजका समूहहरू, खासगरी गैससहरूसँग परामर्श लिन्छ । यसै सिलसिलामा नियोगले नागरिक समाजसँगको संवादलाई नियमितता दिन तथा नेपालको विकाससँग सम्बन्धित महत्त्वपूर्ण मुद्दाहरूमा हाल भइरहेका छलफललाई अझ सुदृढ तुल्याउन वि.सं. २०६० साल भदौ २५ गते एडीबी-गैसस-सरकारबीच त्रैमासिक परामर्श कार्यक्रम सुरु गऱ्यो । पहिलो कार्यक्रमअन्तर्गत कृषि क्षेत्रमा काम गरिरहेका गैससहरूसँग 'स्यालो ट्युबवेलमा अनुदान' विषयमा छलफल गरिएको थियो । सरकारी प्रतिनिधिहरू पनि छलफलमा सहभागी थिए । ■



**गैसस परामर्श** कृषि क्षेत्रमा काम गर्ने गैससहरूका प्रतिनिधिहरू एडीबीसँग स्यालो ट्युबवेलमा अनुदान विषयमा अन्तक्रिया गर्दै ।

# नेपाल आवासीय नियोगमा नयाँ भवन

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगले नयाँ कार्यालय भवनको निर्माण पूरा गरेको छ । मौजुदा कार्यालय परिसरभित्र रहेको उक्त नयाँ भवन चार तल्लाको छ । यही साउनको अन्त्यसम्म नियोगका नौ जना कर्मचारीहरू नयाँ भवनमा सरिसकेका छन् । सन् २००० फेब्रुअरी महिनामा जारी भएको एडीबीको आवासीय नियोग नीतिअन्तर्गत नियोगका कर्मचारीलगायत परामर्शदाता र ठेकेदारहरू १६ बाट बढेर २१ पुगेका छन् । सन् २००० फेब्रुअरीयता नियोगका राष्ट्रिय अधिकृतहरूको संख्या दोब्बर भएको छ ।



नेपाल आवासीय नियोगको पुरानो भवन ........



........ र नयाँ भवन ।

# कार्यशाला तथा कार्यक्रमहरूको झलक

विगत केही महिनाहरूमा नेपालमा सञ्चालन गरिएका कार्यशाला तथा गोष्ठीहरूमा एसियाली विकास बैंक (एडीबी) का कर्मचारीहरू सहभागी भए । त्यसमध्येका केही कार्यक्रमहरूबारे यहाँ चर्चा गरिएको छ :

■ वि.सं. २०६० साल साउन २३ गते राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) द्वारा आयोजित 'जिल्ला गरिबी अनुगमन तथा समीक्षा प्रणाली' सम्बन्धी कार्यशालामा नेपाल आवासीय नियोगका कर्मचारीहरू सहभागी भएका थिए । कार्यशालामा जिल्ला गरिबी अनुगमन तथा समीक्षा प्रणालीको संरचना मस्यौदामाथि छलफल भएको थियो । यूएनडीपीको प्राविधिक सहायतामा राष्ट्रिय योजना आयोगले उक्त मस्यौदा तयार पारेको हो ।

■ वि.सं. २०६० साल साउन २६ गते राष्ट्रिय योजना आयोग र यूएनडीपीद्वारा आयोजित 'गरिबी न्यूनीकरणको समष्टिगत अर्थशास्त्र' सम्बन्धी राष्ट्रिय कार्यशालामा नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमान तथा अन्य कर्मचारीहरूले भाग लिएका थिए । कार्यशालामा नेपालको गरिबमुखी स्थायित्व, आर्थिक पुनर्संरचना र वृद्धिलाई सुधार गर्ने व्यावहारिक नीतिगत विकल्पहरूमाथि छलफल भएको थियो ।

■ वि.सं. २०६० साल साउन २८ गते जिल्ला विकास समिति महासंघ नेपालद्वारा आयोजित 'स्थानीय सरकारका लागि आचारसंहिता' सम्बन्धी राष्ट्रिय कार्यशालामा नेपाल आवासीय नियोगका कर्मचारीहरू सहभागी भएका थिए । स्थानीय निकायहरूका लागि महासंघले तयार पारेको उक्त आचारसंहिताको मस्यौदा कार्यशालामा पेस गरी छलफल गरिएको थियो । कार्यशालामा सहभागीहरूले दिएका प्रतिक्रिया तथा सुझावहरू समेटेर महासंघले आचारसंहिताको मस्यौदा संशोधन गर्नेछ । श्री ५ को सरकारको विकेन्द्रीकरण कार्यान्वयन योजनाले स्थानीय सरकारका लागि आचारसंहिता तयार पार्न सुझाव दिएको छ ।

■ वि.सं. २०६० साल भदौ १ गते नेपाल राष्ट्र बैंक तथा नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूद्वारा विश्व बैंकको सहायताप्राप्त व्यवस्थापन करारअन्तर्गत हालसम्म हासिल भएका उपलब्धिहरूबारे गरिएको प्रस्तुतिमा नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक श्री रहमान तथा अन्य कर्मचारीहरूले भाग लिएका थिए । नेपालका यी दुई ठूला वाणिज्य बैंकहरूको व्यवस्थापन करार र कर्मचारी कटौती योजनाको उदाहरण प्रस्तावित कृषि विकास बैंकको पुनर्संरचना र काठमाडौंको शहरी खानेपानी आपूर्ति प्रणालीको सुधारमा एडीबीको सहायताका लागि सान्दर्भिक छन् । ती दुई बैंकबाट सिकिएको पाठलाई नेपाल आवासीय नियोगले नजिकबाट अध्ययन गरिरहेको छ ।

■ वि.सं. २०६० साल भदौ ३ गते नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक श्री रहमान तथा अन्य कर्मचारीहरूले नेपाल दाता समूह (एनडीजी) को बैठकमा भाग लिएका थिए । यसअघि विश्व बैंक र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूनएनडीपी) ले संयुक्तरुपमा अध्यक्षता गरेको एनडीजी बैठकमा एडीबीको सुझावअनुसार पहिलोपटक अर्थ मन्त्रालयले अध्यक्षता गरेको थियो । अर्थ सचिव तथा अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखाका सह-सचिवले बैठकमा श्री ५ को सरकारको वैदेशिक सहायता नीति, निकटतम कार्ययोजना २००३, आर्थिक वर्ष २०६०/६१ को बजेट प्रस्ताव तथा हालैको बाढीपहिरोका कारण भएको भूक्षयबारे प्रकाश पार्नुभएको थियो । छलफल सार्वजनिक खर्च व्यवस्थापनमा केन्द्रित थियो । कार्यक्रममा नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशकले मध्यकालीन खर्च संरचनालाई नजिकबाट अनुगमन गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुका साथै विकास खर्चहरू पर्याप्त, प्रभावकारी र उत्पादनमूलक राख्न जोड दिनुभयो ।

■ वि.सं. २०६० साल भदौ १० गते नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक श्री रहमान तथा अन्य कर्मचारीहरूले मेलम्ची खानेपानी आयोजनाका लागि राष्ट्रियस्तरको समन्वय बैठकमा भाग लिएका थिए । मेलम्ची खानेपानी विकास समितिद्वारा आयोजित उक्त बैठकमा आयोजनाको थप प्रगतिसँग सम्बन्धित कार्यान्वयन मुद्दाहरूमाथि छलफल गरिएको थियो । ■

समाचार
एडीबी नेपालबाट

एशियाली विकास बैंक -एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो । 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ । यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिदैन । हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं ।

नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
ब्लक नं. २/५९७, कामनपा
काठमाडौं, नेपाल ।
फोन : -९७७-१) ४२२७ ७७९, ४२२७ ७८४, ४२२० ३०५
फ्याक्स : -९७७-१) ४२२५ ०६३
इमेल : adbnrm@adb.org
वेबसाइट : http://www.adb.org/NRM